# REGIONAL NEWS
# ALL INDIA RADIO GANGTOK
# NEPALI NEWS

18:40 hrs 30.10.2024

---

## Certificate of Election

राज्यका दुइवटा निर्वाचन क्षेत्र सोरेङ च्याखुङ र नाम्ची सिंगिथाङमा सत्तारूढ सिक्किम क्रान्तिकारी मोर्चा एस के एम पार्टीका प्रत्याशीहरू श्री आदित्य गोले र श्री सतीश चन्द्र राई निर्विनोध निर्वाचित हुनुभएको छ।

सोरेङका चिल्लाधीश तथा निर्वाची अधिकारी श्री धीरज सुवेदीले सोरेङ च्याखुङ समस्टिका नवनिर्वाचित विधायक श्री आदित्य गोलेलाई आज चुनाउ प्रमाणपत्र हस्तान्तरण गर्नुभयो।

सिक्किम प्रजातान्त्रिक मोर्चा एस डि एफ का श्री प्रेमबहादुर भण्डारीले हिजो आफ्नो उम्मेदवारी फिर्ता लिनुभएपछि उपचुनाउका लागि श्री गोले एकमात्र उम्मेदवार चुनाउ मैदानमा रहनभएकाले उहाँलाई निर्विरोध निर्वादित घोषित गरिएको थियो।

यसै गरी नाम्चीकी जिल्लाधीश तथा निर्वाची अधिकारी सुश्री अनुपा ताम्लिङले नाम्ची सिंगिथाङका प्रत्याशी श्री सतीश चन्द्र राईलाई चुनाउ प्रमाणपत्र प्रदान गर्नुभयो।

यस समस्टिमा पनि उहाँका एकमात्र प्रतिद्वन्दी सिक्किम प्रजातान्त्रिक मोर्चा एस डि एफ का श्री डानियल राईले आफ्नो नाउँ फिर्ता लिनुभएको थियो।

---

## Rashtriya EKTA Diwas

सारा देशमा भेलि रास्ट्रिय एकता दिवस मनाइनेछ।

लौह पुरूष सरकार वल्लभ भाई पटेलको जयन्तीको अवसरमा प्रत्येक वर्ष एकतीस अक्तूवरका दिन रास्ट्रिय एकता दिवस पालन गरिन्छ।

यसैवीच गान्तोकको पाल्जोर स्टेडियममा भोलि एकता अखण्डता र सुरक्षाका लागि प्रतिवध्दता व्यक्त गर्न शपथ ग्रहण समारोह आयोजन गरिनेछ।

राज्य सरकारद्वारा आज जारी प्रेस विज्ञप्तीमा मानिसहरूसित शपथ ग्रहणका लागि विहान दस बजी पाल्जोर स्टेडियम्मा उपस्थित रहने आग्रह गरिएको छ।

---

## Training Program ICAR

भारतीय कृषि अनुसन्धान परिषद ICAR कृषि विज्ञान केन्द्र पूर्व सिक्किमले विभिन्न गाउँहरू याङथाङ, लोसिङ, सुदुङलाखा, लिङताम र नामराङमा राजमासको जैविक पोषक तत्व प्रवन्धनमाथि प्रशिक्षण कार्यक्रम आयोजन गरियो ।

जैविक खेतीमा नयाँ तकनिकवारे जानकारी दिने उद्देश्यले आयोजना गरिएको प्रशिक्षणमा लगभग दुई सय छ्यासीजना कृषकहरूले भाग लिए ।

प्रशिक्षण सत्तपछि विशेषहरूले उनीहरूलाई जैविक मलको तयारी र प्रयोगवारे व्यवहारिक प्रदर्शनद्वारा अवगत गराए ।

---

## RARI Gangtok

क्षेत्रीय आयुर्वेद अनुसन्धान संस्थान गान्तोकले नवौं आयुर्वेद दिवस पालन गरी आयुर्वेदको ज्ञान, समग्र स्वास्थ्य र रोग निवारण सम्वन्धमा जानकारी प्रदान गरयो ।

कार्यक्रम अन्तर्गत रोगीहरूलाई सय भन्दा बढ़ी औषधिय उदिमदहरू वितरण गर्नका साथै पोषणवारे जागरूकता ल्याउन रानीपूलको वृध्दाश्रम र CCI बोझोघारीमा पोषण सामग्रीहरू वितरण गरियो ।

आयुर्वेदका लागि दौड़ र धन्वन्तरी पूजा संस्थानको कार्यक्रमहरूका अन्य आकर्षण थिए ।

यी कार्यक्रमहरूमा आजीवन स्वास्थ्य रहनका लागि आयुर्वेदको अभ्यासलाई अप्नाउन प्रेरित गरियो ।

यसैवीच नवौं रास्ट्रिय आर्युवेद दिवसको अवसरमा गेजिङ जिल्ला प्रशासनिक केन्द्रमा हीजो स्वास्थ्य शिविक आयोजित भयो ।

रास्ट्रिय आयुष मिशनसित मिलेर यसको आयोजित स्वास्थ्य तथा परिवार कल्याणविभाग अधिन आयुष अस्पतालद्वारा गरिएको थियो ।

कार्यस्थल आयोग्यका लागि आयुर्वेद तथा नवोन्मेष विषयलाई ध्यानमा राखेर आयोजना गरिएको शिविरमा सरकारी अधिकारी तथा कर्मचारीहरू सहभागी बने ।

---

## Taekwondo

सिक्किमका अन्तर्राष्ट्रिय ताइकोण्डु खेलाड़ी त्रिलोक सुब्बालाई थाइल्याण्डको ब्याङ्ककमा गत आइतवार आयोजित दशौं तारिक अन्तर्राष्ट्रिय ताइकोण्डु च्याम्पियनशीपमा स्वर्णपढ़क प्राप्त भएको छ।

उहाँले वरिस्ट व्यक्तिगत मास्टर्स वर्गमा भाग लिनुभएको थियो।

रास्ट्रिय खेलाड़ी डिक्की अङमू भुटियालाई पनि सबजुनियर महिला व्यक्तिगत वर्गमा स्वर्णपदक प्राप्त भयो।

---

## Taekwondo Coach

सिक्किस एमेच्योर ताइकोण्डु संघकी कोच पेमा डोल्मा तामङलाई विश्व ताइकोण्डु पुम्से च्याम्पियनशीपका लागि भारतीय महिला टीम कोच चयन गरिएको छ।

प्राप्त जानकारी अनुसार यो च्याम्पियनशीप सत्ताइस नवम्वरदेखि छ तारीक दिसम्वरसम्म हङकङमा आयोजित हुनेछ।

---

## Bodybuilding

सिक्किमका तीनजना महिला खेलाड़ीहरूले आउँदो महीना पाँच तारीकदेखि मालदिव्समा शुरू हुने विश्व बडीबिल्डिङ तथा फिजिक स्पोटर्स च्याम्पियनशीप 2024 मा भारतको प्रतिनिधित्व गर्नेछन्।

सिक्किम बडीबिल्डिङ संघका यी खेलाड़ीहरू हुन अनिका छेत्री, रोशनी शर्मा र भाविका प्रधान।

यो च्याम्पियनशीप एघार नवम्वरमा समाप्त हुनेछ।

---

PM AB PM JAY

आयुस्मान भारत प्रधानमन्त्री जन आयोग्य योजनामा विशेष व्यवस्था गर्दै सत्तरी वर्ष वा यसभन्दा बढ़ी उमेरका सबै वरिस्ठ नागरिकहरूलाई चिकित्सा सुविधा प्रदान गर्ने निर्णय लिइएको छ।

यसको माध्यमद्वारा सबै वरिस्ठ नागरिकहरूले चिकित्सा लाभ प्राप्त गर्न सक्नेछन्।

हिजो यसको शुभारम्भ गर्दै प्रधानमन्त्री श्री नरेन्द्र मोदीले भन्नुभयो वञ्चित वर्गलाई चिकित्सा सहायता प्रदान गर्नका लागि उहाँको सरकारले आयुस्मान भारत योजना शुरू गरेको हो।

योजना अन्तर्गत सरकारले गरीबहरूका लागि अस्पतालमा भर्ती भएर उपचार गराउन पाँच लाख रूपियाँसम्मको आर्थिक सहायता उपलब्ध गराउनेछ।

श्री मोदीले सन्तोष व्यक्त गर्दै भन्नुभयो योजनावाट लगभग चार करोड़ गरीब परिवारहरूले निशुल्क लाभ प्राप्त गरेका छन्।

प्रधानमन्त्री भन्नुभयो सत्तरी वर्ष वा यसभन्दा बढ़ी उमेरका वरिस्ठ नागरिकहरूले यस योजना अन्तर्गत आयुस्मान बन्दना कार्डको माध्यमद्वारा चिकित्सा लाभ प्राप्त गर्न सक्नेछन्।

यो कार्ड सबैका लागि हो र यसमा आयको आधारमा गरीब मध्यम तथा उच्च वर्गका मानिसहरूवीच कुनै भेदभाव छैन्।